खोटेहाङ गाउँपालिका

# विनियोजन ऐन(पहिलो संशोधन), २०७९

खोटेहाङ गाउँपालिका

खोटाङबजार, खोटाङ

१ नं. प्रदेश, नेपाल

# विनियोजन ऐन(पहिलो संशोधन), २०७९

प्रमाणीकरण मिति : २०७९।०३।१२

पहिलो संशोधन : २०७९।१०।०५

खोटेहाङ गाउँपालिका, खोटाङको आर्थिक बर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

प्रस्तावना : खोटेहाङ गाउँपालिका, खोटाङको आर्थिक बर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप—धारा (२) बमोजिम खोटेहाङ गाउँपालिका, खोटाङको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१) यस विधेयकको नाम “खोटेहाङ गाउँपालिकाको विनियोजन(पहिलो संशोधन) ऐन, २०७९” रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७९/०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :

१) आर्थिक वर्ष २०७९।०८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५८४३९३१२०।(**अक्षेरुपी रुपैयाँ अन्ठाउन्न करोड त्रिचालिस लाख त्रियानब्बे हजार एक सय बीस**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . विनियोजन :

१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त खोटेहाङ गाउँपालिका, खोटाङको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूची : १

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम(दफा २ संग सम्वन्धित)

**खोटेहाङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**आर्थिक बर्ष २०७९/०८० को आय तथा व्ययको प्रक्षेपण**

| आय तर्फ | | | व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|
| आय शिर्षक | | आर्थिक बर्ष २०७९/०८० को वास्तविक आय रकम | खर्च शिर्षक नं | व्यय शिर्षक | आर्थिक बर्ष २०७९/०८० को प्रस्तावित व्यय रकम | रकम अक्षरमा |
| **संघीय सरकारको अनुदान** | वित्तीय समानीकरण | १०८०००००० | २११११ | पारिश्रमिक कर्मचारी | १६१००००० | एक करोड एकसट्ठी लाख |
| | राजस्व बाँडफाँड | ९२७२३००० | २११३१ | स्थानीय भत्ता | १८००००० | अठार लाख |
| | सशर्त अनुदान | २८०१००००० | २११२३ | औषधी उपचार खर्च | ३००००० | तिन लाख |
| | समपुरक अनुदान | १७०००००० | २११३२ | महंगी भत्ता | १२००००० | बाह लाख |
| | विशेष अनुदान | २५०००००० | २११४१ | पदाधिकारी बैठक (कार्यपालिका,गाउँसभा र अन्य) | १२००००० | बाह लाख |
| **संघीय सरकारको जम्मा अनुदान** | | **५२२८२३०००** | २१११२ | पदाधिकारी सेवा सुविधा | ६९१२००० | उनानसत्तरी लाख बाह हजार |
| **प्रदेश सरकारको अनुदान** | वित्तीय समानीकरण | ५७५५००० | २११२१ | पोशाक भत्ता | ६५०००० | छ लाख पचास हजार |
| | सवारी कर बाँडफाँड | ५११०१२० | २२१११ | धारा पानी विजुली | ३००००० | तिन लाख |
| | सशर्त अनुदान | ५२०५००० | २२११२ | सञ्चार महशुल | ७००००० | सात लाख |
| | समपुरक अनुदान | १००००००० | २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १२००००० | बाह लाख |
| | विशेष अनुदान | ० | २८१४२ | घर भाडा | ७००००० | सात लाख |
| **प्रदेश सरकारको जम्मा अनुदान** | | **२६०७०१२०** | २८१४९ | अन्य भाडा (गादाम गाडी आदि) | ३००००० | तिन लाख |
| **आन्तरिक आम्दानी** | | ५५००००० | २२२११ | इन्धन (पदाधिकारी) | १०००००० | दस लाख |
| **जम्मा आन्तरिक श्रोत** | | **५५०००००** | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ७००००० | सात लाख |
| **गत वर्षको नगद मौज्दात** | | ३००००००० | २२२१३ | सवारी साधन मर्मत खर्च | १०००००० | दस लाख |
| **जम्मा गत वर्षको नगद मौज्दात** | | **३०००००००** | २२२२१ | सञ्चालन तथा मर्मत संभार खर्च | ७५०००० | सात लाख पचास हजार |
| | | | २२२१४ | विमा तथा नविनरण (सवारी साधन) | ४००००० | चार लाख |
| | | | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | २५००००० | पच्चिस लाख |
| | | | २२३१३ | पुस्तक तथा सामाग्री खर्च | ५००००० | पाँच लाख |
| | | | २२४१९ | अन्य सेवा शुल्क | १५०००००० | एक करोड पचास लाख |
| | | | २२२११ | अवकास कोष | १५००००० | पन्ध्र लाख |
| | | | २२६११ | अनुगमन मुल्यांकन | ३०००००० | तिस लाख |
| | | | २२६१२ | भ्रमण खर्च | ३००००० | तिन लाख |
| | | | २२७११ | विविध खर्च | २०००००० | बिस लाख |
| | | | २११३९ | अन्य भत्ता (शिशु स्याहार, अतिरिक्त समय भत्ता, दशै तिहार र पालो पहरा) | २००००० | दुई लाख |
| | | | २१२११ | सामाजिक सुरक्षा कोष (करार, डोर हाजिरी) | ५००००० | पाँच लाख |
| | | | २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ३००००० | तिन लाख |
| | | | २२७१२ | सभा सञ्चालन खर्च | ५००००० | पाँच लाख |
| | | | २८१४३ | सवारी साधन तथा मेशिन औजार भाडा | ५००००० | पाँच लाख |
| | | | २८९११ | भैपरी आउने चालु खर्च | १५००००० | पन्ध्र लाख |
| | | | २११३४ | कर्मचारीको बैठक भत्ता | ५००००० | पाँच लाख |
| | | | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १५००००० | पन्ध्र लाख |
| | | | २२४११ | सेवा र परामर्श खर्च (विज्ञ परामर्श, कानुनी सल्लाकार) | १०००००० | दस लाख |
| | | | २२५११ | क्षमता विकास, परामर्श तालिम खर्च | १०००००० | दस लाख |
| | | | २२३११ | वडा कार्यालय संचालन खर्च | ५४००००० | चौउन्न लाख |
| | | | २११३५ | महिला स्वयमसेविका प्रोत्साहन | १९३०००० | उन्नाइस लाख तिस हजार |
| | | | २२४१९ | पालिका प्रहरी | १५००००० | पन्ध्र लाख |
| | | | २२४१९ | बा बि के तथा विद्यालय विद्यालय कर्मचारी थप तलव | ६०००००० | साठी लाख |
| | | | २७२१२ | उद्दार, राहात तथा पुनस्थापना खर्च | १०००००० | दस लाख |
| | | | | **प्रशासनिक चालु खर्च** | **८३३४२०००** | **आठ करोड तेंतीस लाख बयालिस हजार** |
| | | | २२५२२ | चालु कार्यक्रम | १७३१३५६० | एक करोड त्रिहत्तर लाख तेह हजार पाँच सय साठी |
| | | | | **क. चालु जम्मा खर्च** | **१००६५५५६०** | **दस करोड छ लाख पच्पन्न हजार पाँच सय साठी** |
| | | | | पालिका स्तरीय योजना | ५४२५००००.०० | पाँच करोड बयालिस लाख पचास हजार |
| | | | | वडा स्तरीय योजना | ६२१८२५६०.०० | छ करोड एक्काईस लाख बयासी हजार पाँच सय साठी |
| | | | | **ख. पुजिगत जम्मा खर्च** | **११६४३२५६०** | **एघार करोड चौसठी लाख बत्तीस हजार पाँच सय साठी** |
| | | | | **ग. शसर्त अनुदान जम्मा** | **२८५३०५०००** | **अठ्ठाईस करोड त्रिपन्न लाख पाँच हजार** |
| | | | | शसर्त अनुदान संघ कार्यक्रममा तोकिए बमोजिम | २८०१००००० | अठ्ठाईस करोड एक लाख |
| | | | | शसर्त अनुदान प्रदेश कार्यक्रममा तोकिए बमोजिम | ५२०५००० | बाउन्न लाख पाँच हजार |
| | | | | **घ. विशेष अनुदान जम्मा** | **२५००००००** | **दुई करोड पचास लाख** |
| | | | | विशेष अनुदान संघ कार्यक्रममा तोकिए बमोजिम | २५०००००० | दुई करोड पचास लाख |
| | | | | विशेष अनुदान प्रदेश कार्यक्रममा तोकिए बमोजिम | ० | |
| | | | | **ङ. समपुरक अनुदान जम्मा** | **५७००००००** | **पाँच करोड सत्तर लाख** |
| | | | | समपुरक अनुदान संघ कार्यक्रममा तोकिए बमोजिम | १७०००००० | एक करोड सत्तर लाख |
| | | | | समपुरक अनुदान प्रदेश कार्यक्रममा तोकिए बमोजिम | १०००००००० | एक करोड |
| | | | **च. जम्मा गत वर्षको नगद मौज्दातबाट योजनामा विनियोजित रकम** | | **३०००००००** | **तिन करोड** |
| **वास्तविक कुल आय जम्मा** | | **५८४३९३१२०** | | **वास्तविक कुल व्यय जम्मा (क+ख+ग+घ+ङ)** | **५८४३९३१२०** | **अन्ठाउन्न करोड त्रिचालिस लाख त्रियानब्बे हजार एक सय बिस** |